

नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, कात्तिक २१ गते २०३२ साल [अतिरिक्ताङ्क ३४ (क)

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको
सूचना

विभूषण (तेह्रौं संशोधन) नियमावली, २०३२

विभूषण नियमावली, २०२३ (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराजबाट देहायबमोजिमको नियमावली स्वीकृत गरिवक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस नियमावलीको नाम "विभूषण (तेह्रौं संशोधन) नियमावली २०३२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल नियमावलीको नियम २२ मा संशोधनः– (१) मूल नियमावलीको नियम २२ को उप–नियम (१) मा रहेको "राजप्रासाद सेवा" भन्ने शब्दहरूको सट्टा "राज–दरबारका" भन्ने शब्द र "गृह पञ्चायत मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "गृह मन्त्रालय" भन्ने शब्दहरू राखिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मूल नियमावलीको नियम २२ को उप-नियम (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छः—

"(ङ) श्री ५ महाराजाधिराजबाट राजदरबारका वा श्री ५ को सरकारको सेवामा रहेका कर्मचारीहरूमध्ये आजीवन सेवा पाउने गरी हुकुमबक्सेका कर्मचारीले सेवा शर्तसम्बन्धी कानून अनुसार उमेरको हदले अवकाश पाउने अवस्था नाघेपछि निजले यो नियमावलीबमोजिमको उपदान पाउने छ र यसरी उपदान प्राप्त गरी सकेपछि पनि श्री ५ महाराजाधिराजबाट निजलाई मानपदवी प्रदान गरिबक्सेमा निजले प्रत्येक पटक यस नियमावली-बमोजिमको थप उपदान पाउने छ ।"

हुकुमबक्सेबमोजिम
रञ्जनराज खनाल,
श्री ५ महाराजाधिराजका सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।